बप्तिस्मा दिने यूहन्ना

पाष्टरीय तालीम पुस्तिका

१७

तालीम र वृद्धि

T&M ®

बप्तिस्मा दिनुहुने यूहन्ना को थिए ?

बप्तिस्मा दिनुहुने यूहन्ना त्यो प्रेरित होइन जसले यूहन्नाको सुसमाचार लेखे । उनी एक अगमवक्ता थिए ।

बप्तिस्मा दिनुहुने यूहन्नाका तीन सेवकाइहरु थिए:

१. उनले प्रभुको आगमनको लागि मानिसहरु तयार पारे ।

२. उनले प्रभु येशूलाई बप्तिस्मा दिए, अनि उहाँलाई पर मेश्वरका जनहरुलाई सुम्पिदिए ।

३. उनी उजाडभूमिमा कराउने आवाज थिए, अनि अझ पनि उनले हामीलाई पश्चातापको निम्ति बोलाइरहेका छन् ।

यूहन्नाको सन्देश आजको निम्ति पनि उत्तिकै आवश्यक छ । *"पश्चाताप गर, किनकि स्वर्गको राज्य नजिकै छ !"* पर मेश्वरले सारा राष्ट्रका मानिसहरुलाई पश्चातापको निम्ति बोलाउनु हुन्छ । (लूका २४:४६-४८, प्रेरित ११:१८, १७:३०)

बप्तिस्मा दिनुहुने यूहन्नाले के गरे ?

बप्तिस्मा दिनुहुने यूहन्नाले प्रभुको निम्ति बाटो तयार पारे । उनले मानिसहरुलाई पश्चातापको निम्ति आव्हान गरे ।

आफ्ना पापहरुको पश्चाताप गर्ने हजारौंलाई यूहन्नाले बप्तिस्मा दिन्थे । बप्तिस्माले तिनीहरुको पश्चातापलाई संकेत गर्दथ्यो ।

यूहन्नाको बप्तिस्माले के संकेत गर्दथ्यो ? प_____ ।

अघि बढ्नको निम्ति मत्ती ३:१-१७ पढ्नोस् ।

☐ पढिसकेपछि बक्समा चिन्ह लाउनोस् ।

पश्चाताप भनेको के हो ?

पश्चाताप भनेको पवित्र आत्माले हामीभित्र ल्याउन चाहनु भएको हाम्रो मन र चालचलनको इमान्दारी परिवर्तन हो । परमेश्वरको परिवर्तनशील शक्तिद्वारा हामी हाम्रा दुइ चारवटा बानीहरुमा परिवर्तन मात्र ल्याउँदैनौं, तर अरुहरुलाई हाम्रो साँचो निःस्वार्थ प्रेमद्वारा सेवा गर्न सिक्दछौं । पश्चातापको निम्ति आव्हान गर्नु सुसमाचारको एक प्रमुख भाग हो ।



किन बप्तिस्मा दिनुहुने यूहन्नाले खीष्टलाई बप्तिस्मा दिए ?

येशूले कहिल्यै पाप गर्नुभएन । तब किन उहाँले बप्तिस्मा लिनु पर्‍यो ? के बप्तिस्मा पापको निम्ति गरिएको पश्चातापको संकेत होइन र ?

खीष्टले आफ्नै पापको निम्ति बप्तिस्मा लिनु खाँचो थिएन । बरु बप्तिस्माद्वारा उहाँले आफैलाई पापीहरुसित पहिचान भएको जनाउनु भयो । यस्तै प्रकारले, हामीले पनि जब बप्तिस्मा लिन्छौं, पश्चाताप र विश्वासद्वारा येशू खीष्टसित हाम्रो पहिचान भएको वास्तविकतालाई जनाउँछौं ।

पश्चाताप र प्रभु येशूमा विश्वासद्वारा, हामीले उहाँको मृत्यु र पुनरुत्थानको फाइदा लिन्छौं । हामीले पापबाट क्षमा पाउँछौं, पवित्र आत्मा र अनन्त जीवनको वरदान पाउँदछौं । बप्तिस्माले यही कुरो बुझाउँछ ।

मानिसहरुले के गरुन् भनी बप्तिस्मा दिनुहुने यूहन्नाले चाहे ?

खीष्टलाई "ग्रहण" गर्नको निम्ति मानिसहरुले हात उठाउन् भनी बप्तिस्मा दिनुहुने यूहन्नाले मानिसहरुलाई निमन्त्रण गरेनन् । नता उनले उनीहरुलाई "अघि आउनको निम्ति" नै आमन्त्रण गरे । उनले तिनीहरुलाई केही गर्नको निम्ति आव्हान गरेनन् । उनले त तिनीहरुलाई आफ्ना पापहरुको पश्चाताप गर्नको निम्ति आज्ञा गरे । जसजसले पश्चाताप गरे, यूहन्नाले तिनीहरुलाई तुरन्तै बप्तिस्मा दिए ।

येशू खीष्टले मानिसहरुलाई पश्चाताप गर्नको निम्ति आज्ञा गर्नुभयो, उहाँका चेलाहरुले पश्चाताप गर्नेहरुलाई बप्तिस्मा दिए । प्रेरितहरुले पश्चातापको बारेमा पनि प्रचार गरे । पेन्तिकोसको दिनमा पत्रुसले घोषणा गरे:

"पश्चाताप गर, र तिमीहरुका पाप-क्षमाको निम्ति येशू खीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ ।" (प्रेरित २:३८)

त्यस दिन तीन हजार मानिसहरुले यो आज्ञा पालन गरे अनि उनीहरुले बप्तिस्मा लिए ।

मानिसहरुलाई खीष्टलाई ग्रहण गर्नको निम्ति आव्हान गरेर मात्र पर्याप्त हुँदैन । यसले गलत निर्णयमा पनि पुऱ्याउन सक्छ । पश्चाताप र इमान्दार विश्वासबिना, खीष्टलाई "ग्रहण मात्र गर्नुको" कुनै अर्थ छैन ।

खीष्टमा तिनीहरुको इमान्दार विश्वास पत्ता लाउन, हामीले मानिसहरुलाई प_____र वि_____ को निम्ति आव्हान गर्नैपर्छ ।

बप्तिस्माले के संकेत गर्दछ ?

१. प्रभु येशूमा हाम्रो पश्चाताप र विश्वास ।

२. जसको मृत्यु र पुनरुत्थानद्वारा हामीले क्षमादान, पवित्र आत्मा अनि अनन्त जीवन पायौं, उनै येशू खीष्टसितको एकत्व ।

खीष्टलाई ग्रहण गर्नु मात्र पर्याप्त छैन । बाइबलले भन्दछ: पश्चाताप गर अनि बप्तिस्मा लेओ । (प्रेरित २:३८) पश्चातापबिना मुक्ति छैन । बप्तिस्माले हाम्रो पश्चातापलाई प्रकट गर्दछ ।

हामी विश्वासद्वारा मात्र बचाइएका छौं, तर यो विश्वास परिवर्तित जीवनमा प्रतिफलित हुनुपर्दछ । जब खीष्टले पवित्र आत्मामा हामीलाई नयाँ जीवन दिनुहुन्छ तब हामीले नयाँ जीवन पाउँदछौं ।

किन यूहन्ना र प्रेरितहरुले मानिसहरुलाई जरुरीसँग आव्हान गरे ?

यूहन्नाले तिनीहरुलाई भने: *"मचाहिँ त तिमीहरुलाई पश्चातापको लागि पानीले बप्तिस्मा दिन्छु, तर मपछि आउनुहुने मभन्दा अझ शक्तिशाली हुनुहुन्छ, जसका जुत्ता बोक्ने योग्यको म छैनँ । उहाँले तिमीहरुलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ । उहाँको निफन्ने नाङ्लो उहाँकै हातमा छ, र उहाँले आफ्ना खलालाई पूरै सफा पार्नुहुनेछ, र आफ्नो गहूँ धनसारमा जम्मा गर्नुहुनेछ, तर भूस जतिचाहिँ ननिभ्ने आगोमा जलाउनुहुनेछ ।"* (मत्ती ३:११-१२)

आउनेवला परमेश्वरको न्यायको आगोबाट बँच्नुपर्ने जत्तिको अधिक जरुरी अरु केही पनि छैन । उसको पापले उसलाई यही आगोतर्फ डोऱ्याइरहेको छ भनी हामीले अविश्वासीहरुलाई बुझाइदिनु पर्दछ ।

हामीले पनि बप्तिस्मा दिनुहुने यूहन्नाको निश्चयता र त्यही जरुरीसाथ प्रचार गरौं । प्रचारको लागि यो अति मुख्य आवश्यकता हो ।

बप्तिस्मा दिनुहुने यूहन्नाको आवाजले अझ पनि उजाडभूमिबाट आव्हान गरिरहेको छ: *"पश्चाताप गर !"* परमेश्वरको सन्देशवाहकको आव्हान सधैं यही हुनुपर्दछ । प्रभु येशू ख्रीष्टमा हामीले नयाँ जीवन पाउनसकौं भनी उनले हामीलाई तयार पार्छन् ।

हाम्रा आफन्तहरु, मित्रहरु अनि छिमेकीहरुलाई दिनहुँ साक्षी बाँडौं । यदि हामीले उनीहरुलाई प्रेम गऱ्यौं भने, उनीहरुलाई खीष्टमा जित्नको लागि हामीले जुनसुकै सम्भावित उपाय पनि लगाइहाल्नेछौं ।

प्रभावशाली ढङ्गमा साक्षी दिनको लागि हामीले महान प्रवचनहरु प्रचार गरिरहनु पर्दैन । हामीले ता पवित्र आत्माको शक्तिमा खीष्टलाई मात्र प्रस्तुत गर्न खाँचो छ ।

अब, मत्ती ३:१-१७ लाई पुनरावलोकन गरौं ।

यूहन्नाले प_____गर्ने र ब_____
लिने आज्ञा गरेर मानिसहरुलाई तयार पारे ।

बप्तिस्माले हाम्रो पश्चाताप र खीष्टमा नयाँ जीवनलाई
अभिव्यक्त गर्दछ ।

यूहन्नाबाट बप्तिस्मा पाएकाहरुले सर्वप्रथम तिनीहरुको पाप स्वीकार गरे । जब मानिसहरु ख्रीष्टमा आउँछन् उनीहरुले स्वीकार गर्नुपर्ने हरेक पाप उनीहरुले सम्झनसक्तैनन् । तर हामीले क्षमादान र नयाँ जीवनको लागि पाप मानिलिएर ख्रीष्टमा भरोसा गरे पुग्छ ।

नोटः कतिपय विश्वासीहरुले पहिल्यैबाट बप्तिस्मा लिएका हुन्छन् । जब उनीहरुले पश्चाताप गर्दछन्, उनीहरुलाई मण्डलीमा ग्रहण गर्नको लागि तपाईको मण्डलीको तरिका अप्नाउनोस् ।

उजाडभूमिमा कराउनुहुने यूहन्नाको आवाजले अझ पनि हामीलाई बोलाइरहेको छ । आज पनि उनले हामीलाई त्यही जरुरीमा बोलाइरहेका छन् ।

परमेश्वरले हामीलाई निमन्त्रणा दिनुहुन्न । उहाँले ता हामीलाई आज्ञा गर्नुहुन्छ !

यूहन्नाले ता परमेश्वरको अधिकारमा बोले । उनी उहाँको सन्देशवाहक थिए । हामीहरु पनि परमेश्वरका सन्देशवाहकहरु हौं । यूहन्नाले जस्तै हामीले पनि परमेश्वर को वचन घोषणा गर्दा परमेश्वरको अधिकारमा गर्नुपर्दछ ।

हामीले पनि मानिसहरुलाई प_____र खीष्टमा नयाँ जीवनको निम्ति बोलाहट दिने काम गरौं ।

सारांश जाँच

१. बप्तिस्मा दिनुहुने यूहन्नाको मुख्य काम मानिसहरुलाई प_____ को निम्ति बोलाहट दिनु थियो ।

२. पश्चाताप गर्ने अनि आफ्ना पापहरु स्वीकार गर्ने मानिसहरुलाई यूहन्ना तत्कालै ब_____दिन्थे

३. प्रभु येशूले आफ्नो जीवनमा कहिल्यै पाप गर्नु भएन । तब किन उहाँले बप्तिस्मा लिनुभयो, मत्ती ३ मा उहाँले नै भन्नुभए अनुसार?

☐ सबै धार्मिकता पूरा गर्न ।

☐ यहूदी रीतिविधि पूरा गर्न ।

४. सबै पापीहरुलाई बाइबलीय आव्हान

प_____गर्नु अनि येशूको नाउँमा

वि_____ गर्नु हो ।

५. किन चाहिँ पश्चाताप त्यति जरुरी भएको छ ? किनकि खीष्टबिना मानिसहरुको गन्तव्य _____छ ।

६. निभाउनै नसकिने आगो भएको ठाउँ बडो भयानक छ। त्यहाँ जानदेखि आफूलाई बचाउनको निम्ति हामीले खीष्टलाई "ग्रहण" मात्र गर्ने होइन, हामीले इमान्दार पूर्वक पश्चाताप पनि गर्नु पर्दछ। पश्चाताप के हो ?

☐ सुसमाचारीय सेवामा हात राखेर प्रार्थना गरिदिनु।

☐ परमेश्वरको निम्ति जिउनलाई हामीहरुको मनमा अनि व्यवहारमा भित्री तहबाट नै परिवर्तन हुनु।

७. प्रभावशाली ढङ्गमा साक्षी दिनको लागि हामीले ठूलो प्रवचन प्रचार गरिरहनु पर्दैन। हामीले खीष्टलाई केको शक्तिमा मात्र प्रस्तुत गर्नुपर्दछ:

☐ पवित्र आत्माको।

☐ प्रवचनको।

अभ्यासको काम

- परमेश्वरले मानिसहरुको मनलाई खोलिदिऊन् ताकि उनीहरुले सुसमाचार ग्रहण गर्नसकून् भनी परमेश्वरसँग प्रार्थना गर्नोस्।

- हरेकलाई सुसमाचारका आधारभूत सत्यताहरु धेरै पटक प्रस्तुत गर्दै घरका मूल व्यक्तिलाई सुसमाचार सुनाउने काम जारी राख्नोस् । (सर्वोत्तम सन्देश कोर्स अथवा प्रभुको मृत्यु र पुनरुत्थानसम्बन्धी शक्तिशाली रहस्य बुझाउने कुनै पनि सुसमाचारीय तरिका अप्नाउनोस् ।)

- मानिसहरुलाई पश्चाताप गर्न, विश्वास गर्न अनि बप्तिस्मा लिन प्रेमसाथ अनि जरुरीसँग बोलाहट दिनुहोस् ।

- घरका मूल व्यक्तिहरुले पनि उनीहरुले जे सिक्छन् ती कुराहरु आफ्ना परिवार अनि साथीहरुलाई बाँडून्, अनि उनीहरुलाई अध्ययनमा निम्त्याउने काम गरुन् । यसो गर्नुको अर्थ चाहिँ सारा घरानाले प्रभुलाई पाऊन् भन्ने हो ।

- सुसमाचारबाट सुनिरहेका सबैलाई एकै ठाउँमा भेला गर्ने काम होस् ताकि उनीहरुले एकाअर्कालाई चिन्ने मौका पाऊन् ।

- ती व्यक्तिहरुलाई प्रार्थना गर्न सहायता गर्नोस् (हुनत, शुरुमा, उनीहरुले तपाईको पछि पछि केही शब्दहरु मात्र दोहोऱ्याउन सक्लान्)।



- सुसमाचार राम्ररी सुनेर पनि यदि मानिसहरुले खीष्टलाई स्वेच्छाले इन्कार गर्दछन् भने, उहाँप्रति रुची भएका अरुहरुलाई खोज्नोस् ।

- खीष्टको बारेमा अरुहरुलाई कसरी बताउने सो देखाउनको निम्ति मण्डलीका अरु सदस्यहरुलाई पनि तपाईसँगै लैजानोस् ।

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

017NP01A-01